# स्थानीय राजपत्र

## भाग-२

अनुसूची- २

(दफा ४तथा अॅनसूची-१ को भाग-२ संग सम्वन्धित)

## अपिहिमाल गाउँपालिका

खण्ड:१ संख्या: ६ मिति: २०७४/ /

# शिक्षा क्षेत्र विकास कार्यविधि २०७४

**प्रस्तावना :-**

नेपाल सरकारको शिक्षाको राष्ट्रिय उद्देश्य परिपुर्तिका लागि नेपालको संविधान, अपिहिमाल गा.पा. शिक्षा ऐन २०७४ र नियमावलीको परिधि भित्र रहि अपिहिमाल गा.पा शिक्षा ऐन दफा ५मा उल्लेखभएको अनौपचारिक शिक्षा कार्यक्रम लाई सन्चालन गरि व्यवस्थित गर्न यो कार्य विधि तयार गरि गाउँ सभाबाट पारित गरिएको छ ।

## परिच्छेद - १

१.संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम "शिक्षा क्षेत्र विकास कार्यविधि २०७४ " रहने छ ।

(ख) यो कार्यविधि अपिहिमाल गाउँ पालिकामा मात्र लागु हुनेछ ।

२- परिभाषा :

यो कार्यविधिको प्रयोजनका लागि निम्न शब्दावाली लाई देहाय बमोजिम परिभाषित गरिएको छ ।

(क) " कार्यविधि " - अपिहिमाल गाउँ पालिका भित्र शिक्षा क्षेत्रमा  सुधारका लागि गरिने कार्यक्रम भन्ने सम्झनु पर्छ ।

(ख) " विद्यालय "- विद्यालय भन्नाले सामुदायिक र संस्थागत विदयालय भन्ने सम्झनु पर्छ ।

(ग) " गुठी " - संस्थागत रुपमा गाउँ पालिका समेतको लगानीमा सञ्चालीत मुनाफा रहित विदयालय सम्झनु पर्छ ।

(घ) " बाल बिकास केन्द्र " -५ कक्षा सम्मका बिदयार्थीहरुलाई बिद्यालय समय पछि खेल तथा थप शिक्षण कियाकलापकका लागि खोलिएको कक्षा भन्ने सम्झनु पर्छ।

(ङ) " अनौपचारिक शिक्षा "- भन्नाले बाल क्लब , लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षा तथा अन्य कार्यक्रम सम्झनु पर्छ।

(च) " अल्प संख्यक " - भन्नाले नेपाल सरकारको सुचीमा सुचिकृत नभएका तर अपिहिमाल गाउा पालिकाका स्थानीय अल्प संख्यक जातीलाई सम्झनु पर्छ।

(छ) गाउं पालिका शिक्षक - भन्नाले यस गाउं पालिका बाट नियुक्त शिक्षक सम्झनु पर्छ।

(ज) डिजिटल हाजिरी - भन्नाले बिधुतिय प्रबिधिबाट हाजिरी लगाउने प्रबिधि सम्झनु पर्छ।

(झ) टुहुरा - भन्नाले आमा र बुवा दुवै नभएका बाल बालिकालाई सम्झनु पर्छ।

## परिच्छेद - २

३ प्रारम्भीक बाल शिक्षा / बैकल्पिक शिक्षा :

१- विदयालय जाने उमेर भन्दा पुर्वका बालबालिकाहरु र बिदयालय टाढा भएका उमेर पुगेर पनि बिदयालय जान नसक्ने समुदायका बालबालिकाहरुका लागि आवश्यकता हेरी बाल बिकास कक्षा सञ्चालनका लागि अनुमति दिइने छ।

२- एउटा बालबिकास कक्षा सञ्चालनका लागि न्युनतम १० जना बालबालिका हुनु पर्ने छ।

३- बाल विकास कक्षामा एक हप्तामा न्युनतम १८ घण्टा पठन पाठनको काम हुनु पर्ने छ।

४- बालविकासको कक्षा सञ्चालनका लागि १ जना विवाहित महिला न्युनतम शैक्षिक योग्यता "+२" भएको स्थानीय दलित , अल्प संख्यक वा अपाङग महिला लाई प्राथमिकता दिई नियुक्ति गरिने छ।

५- परिच्छेद २ को '४' मा जेनसुकै कुरा लेखिएको भएता पनि स्थानीय महिला प्लस टु योग्यता भएको उपलब्ध हुन नसकेमा कक्षा दश (१०) (एस ई ई ) योग्यता भएको महिला समेत नियुक्त गर्न सकिने छ।

## परिच्छेद - ३

४ बालबिकास केन्द्र :

वाल वालिकाहरुको शैक्षिक शारीरिक , संवेगात्मक तथा सर्वाङ्गीण विकासका लागि कक्षा ५ सम्मका वालवालिकाहरुलाई विदयालय समय पछि २ देखि ३ घण्टा सम्म सञ्चालन गर्ने गरी प्रत्येक वडामा एउटा वालविकास खोल्न सकिने छ।

(क) प्रत्येक वाल विकास केन्द्र एक जना शिक्षक र एक जना सहयोगी कार्यकर्ता रहने छ।

(ख) शैक्षिकक्षेत्रमा पछाडी रहेको वस्ती , भवन र खेल मैदान भएको वस्ती, आर्थिक रुपमा पछाडि परेको वस्ती र घना वस्ती भएको क्षेत्रमा वाल विकास केन्द्र खोलिने छ।

(ग) शिक्षक र सहयोगी कार्यकर्ताको सेवा सुविधा गाउ पालिकाले तोके बमोजिम हुने छ।

(घ) बाल विकास केन्द औचित्य

(१) विद्यार्थीहरुको गृहकार्यमा सहजता ल्याउन।

(२) आवारापन हटाउन।

(३) विद्यार्थीहरलाई अनुशासित , नैतिकवान र शिष्ट बनाउन।

(४) समयको सदुपयोग गर्न।

(५) आधारभूत कक्षाका लागि तयार पार्न।

(ङ)- एउटा वाल विकास केन्द न्युनतम २० जना र अधिकतम ३० जना वालवालिका रहने छन।

(च) यस आ.व. मा प्रत्येक वडामा एक मात्र वाल विकास केन्द खोलिने छ।

## परिच्छेद - ४

५.लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षा

१.यस अपिहिमाल गाउं पालिकामा शैक्षिक बेरोजगार चरम विन्दुमा पुगेकाले सो न्युनीकरणका लागि यस गाउं पालिकाको सदरमुकाममा एउटा लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षा खोलिने छ।

क) खरिदार र नायव सुब्बा स्तरका तयारी कक्षा सञ्चालन गरिने छ।

ख) प्रा.बि. र नि.मा.वि. शिक्षकहरुका लागि तयारी कक्षा सञ्चालन गरिने छ।

ग) दुवै कक्षाका लागि बढिमा ८० जना सम्म सहभागी हुन पाउने व्यवस्था [illegible] छ।

घ) एक वर्षमा बढिमा ३ महिना सम्म कक्षा सञ्चालन गरिने छ।

ङ) कक्षामा भर्ना हुदा धरौटी लिने र कक्षा समाप्त भए पछि धरौटी फिर्ता गर्ने प्रावधान गरिने छ।

## परिच्छेद - ५

६ स्थानीय अल्प संख्यक समुदाय ( समुह / जाती ) र टुहुरा बालबालिकाको शिक्षा सम्बन्धि :

१ यस अपिहिमाल गाउँ पालिका भित्र अल्पसंख्यक तथा सामाजिक , शैक्षिक , आर्थिक रुपले पछाडि परेका अट्याल , देउरुखी , तोल्थ्याल धामी र ओड्रे जाती का बालबालिकाहरुलाई छात्रवृत्ति र पोशाक गाउँ कार्यपालिकाले तोकें बमोजिम उपलब्ध गर्न सक्नेछ ।

७ छात्रवृत्ति पाउने आधारहरु :

१ अपिहिमाल गाउँ पालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिका हुनु पर्ने छ ।

२ ८०% हाजीरी अनिवार्य हुनु पर्ने छ ।

३ छात्रवृत्ति वितरण गर्दा अभिभावकको र विद्यार्थीको उपस्थिती अनिवार्य रुपमा हुनु पर्ने छ ।

८ टुहुरा बालबलिकाको छात्रवृत्ति सम्बन्धि :

१ यस गाउँ पालिका अर्न्तगतका विद्यालयमा अध्ययनरत टुहुरा बालबालिकाहरुलाई माध्यमिक कक्षा सम्म नि:शुल्क अध्ययनको व्यवस्था मिलाउन सकिने छ ।

९ गरिब तथा जेहेन्दार छात्रवृत्ति :

१ यस अपिहिमाल गाउँपालिका भित्रका विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुलाई गरिब तथा जेहेन्दार छात्रवृत्तिको समेत व्यवस्थागर्न सकिने छ ।

२ यस अपिहिमाल गाउँपालिका भित्र बसोबास गर्ने जुनसुकै (आ.पा संचालित सामुदायिक) विद्यालय बाट एस.इ.इ परिक्षामा ए ~~ग्लस~~ ल्याउने बढीमा एकजना विद्यार्थिलाई प्रत्येक शैक्षिक सत्रमा सरकारी तथा सी.टी.ई.भी.टी अन्तर्गतका विद्यालयमा ११/१२ कक्षा वा सो सरह को शिक्षा गाउँपालिकाले छात्रवृत्तीमा अध्ययन गराउने छ ।

३ उपदफा २ बमोजिमका विद्यार्थिले संस्थागत विद्यालयमा सहयोग स्वरुप केहि छात्रवृत्ति को व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद - ६

१० शिक्षा स्वास्थ्य र पोषण :

१ सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुका लागि स्वास्थ्य र पोषण सम्बन्धि कार्यक्रम आवश्यकता बमोजिम गरिने छ ।

२ प्रत्येक विद्यालयमा प्राथमिक उपचार बाकस (Kid box) उपलब्ध गराइने छ ।

ख) आधारभुत तह १ - ८ र माध्यमिक तह १ - १२ सम्म सञ्चालित सामुदायिक विद्यालयहरुमा क्रमश : छात्रा मैत्री शौचालय निर्माण गरी प्याडको समेत व्यवस्था गर्ने ।

ग) प्रत्येक सामुदायिक विद्यालयहरुमा बालबालिकाहरुको त्रैमासिक रुपमा स्वास्थ्य परीक्षण गर्ने ।

घ) यस गाउँ पालिका अन्तंगत शिक्षाको लागि खाद्यकार्यक्रम बाट पोषणयुक्त दिवा खाजा - लिटो ) सबै आधारभुत तह संचालित विद्यालयहरुले प्राप्त गरिरहेको र सो लिटो तयार गर्न भान्छेको व्यवस्था गर्ने ।

ङ) दिवा खाजा नभएका विद्यालयहरुका बालबालिकाहरका लागि बैकल्पीक व्यवस्थागर्न पहल गर्ने ।

च) बाल विवाहलाई निरुत्साहित गर्न कक्षा ७ देखि १२ सम्मका कक्षाहरुमा जनचेतना जगाउन यौन शिक्षा कक्षा तथा कानुनी साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद - ७

११ कम्पनी दर्ता संघ संस्था वा विद्यालय गुठिमा राखि सञ्चालन गर्ने सम्बन्धमा :

१ यस गाउँ पालिका अर्न्तगतका कम्पनीमा दर्ता भएका संघ संस्था तथा विद्यालयहरु शिक्षा ऐन २०२८ को ८ औं संसोधनको नियम ३६ ( ७ 'क' ) को अधिनमा रहि कम्पनी खारेज गरी गुठी अन्तंगत सञ्चालन गर्न चाहेमा गाउँ पालिकाको समन्वयमा सञ्चालन गर्न सकिने छ ।

## परिच्छेद - ८

१२ सामुदायिक विद्यालयका गाउँ पालिका शिक्षकको सम्बन्धमा :

१ सामुदायिक विद्यालयहरुमा गाउँ पालिका शिक्षक करारमा नियुक्तिका लागि देहाय बमोजिमको समिति रहनेछ ।

क) गाउँ कार्यपालिकाले छनौट गरेको व्यक्ति – संयोजक

ख) विषयगत रोष्टर मध्यबाट गाउँ शिक्षा समितिले तोकेको विषय विज्ञ एक जना –सदस्य

ग) गाउँपालिकाको शिक्षा अधिकृत –सदस्य सचिव

घ) गाउँपालिका अध्यक्षले आवश्यकता अनुसार सदस्य थप्न सक्नेछ ।

२ सामुदायिक विद्यालयहरुमा गाउँ पालिका शिक्षक करारमा नियुक्तिका लागि देहाय बमोजिमको योग्यता तोकिएको छ ।

क) आधारभुत तह १- ५ विद्यालयको शिक्षकको लागि प्रविणता प्रमाण पत्र तह ( १२ कक्षा उत्तीण , शिक्षा विषय लिई उत्तीण गरेको ।

ख) आधारभुत तह १-८ विद्यालयको शिक्षकको लागि प्रविणता प्रमाणपत्र तह (१२ कक्षा उत्तीण ) शिक्षा विषय लिई सम्वन्धित विषयमा १२ कक्षा उत्तीण गरेको ।

ग) माध्यमिक (१-१० / १ -१२ ) विद्यालयको शिक्षकको लागि कमस : सम्वन्धित विषयमा स्नातक र स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम लिएको ।

१३. उम्मेदवारको लागि योग्यता :

१.देहायका व्यक्तिहरु शिक्षक पदका लागि उम्मेदवार हुन सक्ने छन् ।

क) नेपाली नागरिक ।

ख) १८ वर्ष उमेर पुरा भएको ।

ग)४० वर्ष उमेर पुरा नभएको ।

घ) मगज नबिग्रेको ।

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

च) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गरिएको ।

छ) अध्यापन अनुमति पत्र भएको ।

ज)गाउँपालिका भित्र स्थाई बसोबास हुनुपर्ने

झ) देहायको अवस्थामा शिक्षक पदमा उम्मेदवार हुन खण्ड 'ग', 'छ'र ज ले बाधा पुर्याएको मानिने छैन । यस गाउँ पालिका अन्तंगत सन्चालित सामुदायिक विद्यालयहरुमा (करार ) मा नियुक्त शिक्षकलाई गाउँ पालिका बाट नियुक्तिका लागि पहिलो विज्ञापन अन्तंगत परीक्षामा उम्मेदवार हुन बाधा नपर्ने ।

१४.परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्कहरु :

१.गाउँ पालिका बाट लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क देहाय बमोजिम हुनेछ ।

क) लिखित परीक्षा - १०० अंक

ख) प्रयोगितात्मक परीक्षा - २५ अंक

ग) अन्तर्वार्ता - २५ अंक ।

२.दफा १ बमोजिम लिइने लिखित र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क कमस : ४०र १० हुने छ ।

३.विषयको प्रकृति हेरि आवश्यक परेमा छनौट समितिले प्रयोगात्मक परीक्षा समेत लिन सक्नेछ ।

४. सामुदायिक विद्यालयमा हालसम्म कार्यरत निजि श्रोतका शिक्षकहरु लिखित परीक्षमा सफल भई अन्तरवार्तामा छनोट भएमा प्रति बर्ष १ अंकका दरले बढिमा ५ अंक दिन सक्ने छ ।

५. लिखितपरीक्षामा सफल उम्मेदवारको सुचि वर्णाकम अनुसार गरिने छ ।

६. अन्तवार्ता अंक अधिकतम २२ दिन सकिनेछ ।

७. छुट अन्तरवार्ता लिन सक्ने ।

क) छुट अन्तरवार्ता लिन आवश्यक प्रमाण पत्र लिई ७ दिन भित्र उपस्थित हुनु पर्नेछ ।

८.अन्तिम नतिजा प्रकाशित गर्दा वरियता कमका आधारमा नाम प्रकासित गरिने छ ।

९.उत्तीण भएका शिक्षकहरुले वरियता कमको आधारमा विद्यालय छनौट गर्न पाउने छन् ।

१५.दरखास्त रद्द वा सिफरीस बदर हुन सक्ने

१.झुटो विवरण दिएको प्रमाणित भएमा

१६.वैकल्पीक उम्मेदवारलाई नियुक्त गर्न सकिने

१.देहायको अवस्थामा वैकल्पिक सुचिमा रहेका उम्मेदवारहरुलाई योग्यता अनुसार नियुक्त गरिने छ ।

क) नियुक्तिका लागि सार्वजनिक सुचना प्रकासित भएको मितिले ३० दिन भित्र नियुक्ति नलिएमा ।

ख) सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजिनामा दिई वा माथिल्लो तहमा वा पदमा नियुक्ति लिएको कारण परीक्षण काल भित्रै पद रिक्त हुन आएमा ।

ग) नियुक्ति पत्र लिएको मितिले ३० दिन भित्र पद स्थापन गरिएको विद्यालयमा हाजिर नभएमा ।

घ) नियुक्ति भएका शिक्षकको जानकारी शिक्षा हेर्ने निकायले गाउँ पालिकालाई दिने छ ।

ङ) वैकल्पीक उम्मेदवारलाई एक बर्ष नाघे पछि नियुक्त गरिने छैन ।

१- कुनै उम्मेदवारले झुठो विवरण दिएको प्रमाणित भएमा ।

१७.शिक्षक विद्यार्थी अनुपात :

१.यस गाउँ पालिका भित्रका विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहाय बमोजिम हुने छ ।

| तह | शिक्षक संख्या | विद्यार्थी अनुपात |
| --- | --- | --- |

| | | |
|---|---|---|
| आधारभुत | १ | २० |
| माध्यमिक | १ | २० |

२.तर भौगोलिक विकटताका साथै उच्च हिमाली भेगमा पर्ने देहायका विद्यालयमा शिक्षक विद्यार्थि अनुपात १:१५ बमोजिम हुनेछ ।

क)सिद्धनाथ प्रा.वि घांजीर,ख)हिमालय नि.मा.वि पाथा,ग)महादेव प्रा.वि काँटै,घ) महादेव प्रा.वि ल्वाथी,ङ) सिद्धनाथ प्रा.वि दैभात,च) सिद्धनाथ प्रा.वि खडियान,छ) सिद्धनाथ प्रा.वि रोङपाङ

## परिच्छेद - ९

१८.विद्यालय कर्मचारी तथा खेल शिक्षक :

१.यस गाउँ पालिकाको सञ्चालित सामुदायिक मा.वि. हरुमा देहायबमोजिम शिक्षक तथा कर्मचारी रहनेछन ।

क)खेल शिक्षक १ जना, ख)बिद्यालय कर्मचारी १ जना

२.आधारभुत तहमा पनि कर्मचारी र खेल शिक्षकको व्यवस्था क्रमश: गरिने छ ।

१९.कर्मचारी र खेल शिक्षक छनोटका आधारहरु :

१.कर्मचारी

क) लेखा विषय लिई कम्तीमा १२ कक्षा उत्तीर्ण गरेको ।

ख) नियुक्ति प्रकृया परिच्छेद ८ बमोजिम गरिने छ ।

२.खेल शिक्षक

क) न्यनुतम शैक्षिक योग्यता १० कक्षा उत्तीर्ण ।

ख) कुनै पनि खेलमा खेल संचालन गर्न अनुमति पाएको वा खेलकुद सम्वन्धि अनुभव प्राप्त गरेको हुनु पर्ने छ ।

ग) नियुक्ति प्रकृया परिच्छेद ८ बमोजिम हुने छ ।

३.कार्यालय सहयोगी :

माध्यमिक विद्यालयको हकमा आवश्यकता हेरी थप कार्यालय सहयोगीको व्यवस्थागर्न सकिनेछ ।

क) कक्षा ८ उत्तीर्ण वा साधारण लेखपढ गर्न जान्ने नेपाली नागरिक का.स. को उम्मेदवार हुन सक्ने छ ।

## परिच्छेद -१०

२०.नमुना उन्मुख विदयालय

१.गाउँ पालिका अन्तंगतका विद्यालयहरुको स्तरोन्नतिको लागि प्रत्येक वर्ष एउटा नमुना उन्मुख विद्यालय बनाउने गरी गाउँ पालिकाले आर्थिक अनुदान उपलब्ध गराउने छ ।

२. नमुना उन्मुख विदयालयका बिशेषताहरु निम्न बमोजिमका हुने छन् ।

क) शैक्षिक उपलब्धी उच्चतम हुनु पर्ने छ ।

ख) समुदायको सहभागिता आकर्षक रहेको हुनु पर्ने छ ।

ग) शिक्षक तथा विदयार्थीको दैनिक उपस्थिति उच्च रहेको हुनु पर्ने छ ।

घ) विद्यालयको आय व्यय चुस्त दुरुस्त भएको हुनु पर्ने छ ।

ङ) शिक्षण सिकाइ कियाकलाप वाल केन्द्रित भएको हुनु पर्ने छ ।

च) अतिरिक्त कियाकलापहरुमा उल्लेखनिय सहभागिता भएको हुनु पर्ने छ ।

छ) विद्यालय प्रशासन प्रभावकारी भएको हुनु पर्ने छ ।

ज) बिद्यालयको वातावरण स्वच्छ सफा र सुन्दर भएको हुनु पर्ने छ ।

झ) फर्निचरको पर्याप्त व्यवस्था भएको हुनु पर्ने छ ।

ञ) पुस्तकालयको ब्यवस्था भएको हुनु पर्ने छ ।

ट) खाने पानी तथा शौचालयको उचित व्यवस्था भएको हुनु पर्ने छ ।

ठ) बिदयार्थी संख्याको अनुपातमा किडास्थलको व्यवस्था भएको हुनु पर्ने छ ।

ड ) सूचना प्रविधि संग जोडिएको विद्यालय हुनु पर्ने छ ।

ढ)भौतिक पूर्वाधारको उचित व्यवस्था हुनु पर्ने

## परिच्छेद - ११

२१.पोशाक र भत्ता :

१.यस अपिहिमाल गाउँ पालिका भित्रका विदयालयहरुको स्तर उन्नती गर्न , शिक्षक तथा कर्मचारीहरुलाई उत्प्रेरणा जगाउन अस्थायी ,करार, निजि शिक्षकहरुलाई पोसाक भत्ता कार्यपालिकाले तोके बमोजि हुनेछ र जि.शि.का. बाट स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक हरुको लामो बिदाको स्थानीय भत्ता समेत दिइने छ ।

## परिच्छेद - १२

२२.शिक्षक तथा कर्मचारीको हाजिरी :

१.विद्यालयका शिक्षक र कर्मचारीको हाजिरी डिजिटल प्रबिधि बाट गर्न सकिनेछ ।

## परिच्छेद -१३

२३.पुस्तकालय तथा वाचनालय :

१.यस गाउँ पालिकाको शैक्षिक वातावरणमा सुधार ल्याउन विद्यार्थीहरुको अध्ययन कार्यमा सरता र सुगमता ल्याउन यस गाउँ पालिकाको प्रत्येक वडाहरुमा एक-एक ओटा पुस्तकलय र वाचनालयको स्थापना क्रमिक रुपमा गरिने छ ।

२४. सामुदायिक सिकाइ केन्द्र :

यस गाउँ लपालिका अन्तंगत रहेका एउटा मात्र सामुदायिक सिकाइं केन्द्रलाई थप जनमुखि र सर्वसुलभ बनाउन पहल गरिने छ ।

## परिच्छेद -१४

२५. शिक्षकको तालिम सम्वन्धि व्यवस्था

१ तालिम अप्राप्त शिक्षकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिने छ ।
शिक्षकहरुको क्षमता अभिवृद्धि तालिमको व्यवस्था गर्न सकिनेछ ।

## परिच्छेद - १५

२६.शिक्षक सरवा बढुवा , पुरुस्कार र दण्ड :

१. यस गाउंपालिका शिक्षा ऐन २०७४ र नियमावलीको अधिनमा रहि यस गाउँ पालिका भित्रका दरबन्दीका शिक्षकहरुको आवश्यकता र कियाकलाप हेरी सरुवा बढुवा , पुरुस्कार र दण्डको व्यवस्थागर्न सकिने छ ।

२७. गाउँ पालिका शिक्षक सम्वन्धि :

१.सरुवा

क) विद्यालयको अवस्था र आवश्यकता हेरि गाउँ पालिकाको शिक्षकहरुको सरुवा गरिने छ ।

२.बढुवा

क) शिक्षकको योग्यता क्षमता र कार्य दक्षता हेरी तहगत समेत बढुवा गर्न सकिने छ ।

३.पुरुस्कार र दण्ड

क) शिक्षकको कार्य सम्पादनको आधारमा उचित पुरुस्कार र दण्डको व्यवस्था गरिने छ ।

ख) शैक्षिक गतिविधि खलबल्याउने विद्यालय रगाउँ पालिकाको अहितको काम पटक पटक गरेको ठहर भएमा शिक्षक पदबाट अवकाश समेत दिन सकिने छ ।

४. तलब र भत्ता सम्बन्धमा

क) गाउँ पालिका शिक्षकहरुको तलब भत्ता गाउँ पालिकाले तोके बमोजिम हुने छ ।

५. तालिम र अन्य सुविधा

क) गाउँ पालिका शिक्षकहरुलाई नव प्रवेशी तथा पूनरताजकी जस्ता तालिमको व्यवस्था गरिने र अन्य सुविधा गाउँ पालिकाले तोके बमोजिम हुने छ ।

आज्ञाले,

नाम : जय सिंह धामी

प्रमुख प्रशासकीय अधिक